**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

इ.प्रा.परिपत्रसंख्या :- ५२०  मिति : २०६६/१०/२१

**श्री इजाजतपत्र प्राप्त (क) वर्ग र राष्ट्रिय स्तरका (ख) वर्गका बैंक तथा वित्तीय संस्थाहरु ।**

**विषयः-** ***तातोपानी भन्सार विन्दु मार्फत चीनको स्वशासित क्षेत्र तिव्वतबाट हुने कच्चा ऊन र अन्य आयात कारोवार वारे ।***

महाशय,

चीनको स्वशासित क्षेत्र तिव्वतबाट तातोपानी भन्सार विन्दु मार्फत ड्राफ्ट/टि.टि. तथा क्रेडिट सुविधाका माध्यमबाट हुने कच्चा ऊन र अन्य आयात कारोवार सम्बन्धमा तत्काल लागू हुनेगरी देहाय बमोजिमको थप व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. इ.प्रा.परिपत्र संख्या ३८६ को दफा -३ र इ.प्रा.परिपत्रसंख्या ३८७ को दफा १ को खण्ड (घ) मा भएको व्यवस्था बमोजिम क्रेडिट सुविधा अन्तरगत भएको आयातको आधारमा भुक्तानी गर्न पाइने छैन ।

२. यस परिपत्र जारी भएको मितिसम्म आयात भैसकेका वस्तुको हकमा तातोपानी भन्सार कार्यालयबाट वस्तु क्रेडिट सुविधामा आयात भएको प्रमाणित गरी भुक्तानी गर्न सिफारिस गरेको आधिकारिक पत्रको आधारमा सम्पूर्ण कागजात रुजुगरी ठिक देखिएमा मात्र भुक्तानी पठाउनु पर्नेछ ।

३. इ.प्रा.परिपत्रसंख्या ३८६, ५१८ र ५१९ का अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।

भवदीय,

( भाष्करमणि ज्ञवाली )
कार्यकारी निर्देशक

***वोधार्थः-***

१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नि.वि. महाशाखा, सिंहदरवार ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर ।
५. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. बैंक सुपरिवेक्षण विभाग ।
७. आन्तरिक लेखा परिक्षण विभाग ।
८. सूचना प्रविधि विभाग :- यस विभागको वेभसाइटमा राखिदिनु हुन ।
९. नेपाल बैंकर्स एशोसिएशन, हेरिटेज प्लाजा, काठमाडौं ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, पो.ब.नं. २६९, पचली टेकु ।